सुनछहरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा

लुम्विनी प्रदेश, नेपाल

पत्र संख्याः२०८१/०८२
चलानी नं.

सूचना नं. ०३

## व्यसायिक तरकारी प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

( प्रथम पटक प्रकाशित मितिः२०८०/०८/०९)

# सूचना। सूचना।। सूचना।।।

यस सुनछहरी गाउँपालिका कृषि विकास शाखाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशत अनुदान रकम उपलध गराउने कार्यक्रम रहेको हुँदा सुनछहरी गाउँपालिकाका तपसिल बमोजिमका वडाहरुमा कृषि व्यबसाय एवम् सहकारी सम्बन्धि संलग्न ईच्छुक कृषक/फर्म/कम्पनी/कृषक समुह/सहकारी संस्थाबाट दरखास्त आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र अथार्त मिति २०८१/०८/२३ गते भित्र यस सुनछहरी गाउँपालिकाको कृषि विकास शाखामा तपसिल अनुसारका कागजातहरु सँगलग्न राखि निवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। यस सम्बन्धि थप जानकारीको लागि कार्यलयको वेवसाइट sunchhaharimun.gov.np वा फोन नं. ९८६४७४५३५६ मा सम्पर्क गर्न सकिनेछ।

क) व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि तोकिएको क्षेत्रहरु (स्युरी,जैमाकसला फगाम र जेलबाङ)

**आवश्यक कागजातहरुः**

१. सस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
२. निजि फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित स्थानीय तहको प्रमाण।
३. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
४. समुहको हकमा कार्यसमिति‌को निर्णयको प्रतिलिपि।
५. व्यबसायिक कार्ययोजना

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

तपशिलः

| क्र.स | कार्यक्रम | मापदण्ड | क्रियाकलाप | अनुदान सिमा |
|---|---|---|---|---|
| १. | तरकारी प्रवर्द्धन कार्यक्रम | • कृषक/फर्म/कम्पनी/कृषक समुह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने ,<br>• कार्ययोजनामा बीउ र बिरुवा खरिद क्रियाकलाप अनिवार्य समावेश गर्नुपर्ने र | • बिउ, बेर्ना, बिरुवा खरिद,<br>• बगैचा सुदृढीकरण,<br>• प्राङगारिक मल,सुक्ष्म तत्वहरु,आदि खरिद,<br>• सिचाईसँग सम्बन्धित यन्त्र उपकरण वा पूर्वधार निर्माण,<br>• उत्पादन तथा प्रशोधन सहयोगी यन्त्र/उपकरण खरिद,<br>• भण्डारण वा शीत भण्डारमा लाग्ने शुल्कमा सहयोग (वीउ आलुको हकमा),<br>• बजारीकरण (क्रेट, | • बिउ,बेर्ना तथा बिरुवा,यन्त्र,उपकरण तथा उत्पादन सामाग्री र निजि पुर्वधार निर्माणमा अधिकतम ५० प्रतिशत,<br>• सामुहिक पुर्वधार निर्माणमा अधिकतम ७५ प्रतिशत,<br>• देहाय बमोजिम प्रतिहेक्टर अधिकतम अनुदान रकम खर्च गर्न सकिने<br>बाली/वस्तु — रकम रु.<br>तरकारी — १ लाख |

| | | | | |
|---|---|---|---|---|
| | | | बोरा, प्याकेजिङग् समाग्री,उपकरण,लेवलिङग् लगायत) सहयोग,<br>• तरकारी बालीको हकमा प्लाष्टिक टनेल निर्माण, | |

सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखा -०५, पोबाङ, रोल्पा, ५ नं. लुम्बनी प्रदेश नेपाल
कार्यालयको फोन नं. ९८६४७४५३५६ , ९८४८०५८२४३ Website. www.sunchhaharimun.gov.np Email : ag.sunchhaharimun@gmail.com ,sunchhaharimun@gmail.com ,
info@sunchhaharimun.gov.np